नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग

# राष्ट्रिय आलुबाली विकास कार्यक्रम

खुमलटार, ललितपुर

सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सुचना ०१/०७४/०७५

दोस्रो पटक प्रकाशित मिति : २०७४/०७/२४

यस कर्यक्रमको लागी आ.व. २०७४/०७५ को निमित्त आवश्यक पर्ने फर्निचर र फर्निसिङ्ग सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त सो कार्य गर्ने ब्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात तल उल्लेखित दस्तुर (फिर्ता नहुने) तोकिएको राजश्व खातामा जम्मा गरेको बैंक भौचर साथ नविकरण भएको ईजाजत पत्र तथा भ्याट (VAT ) दर्ता र आ.व.२०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणहरुको प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन दिई यो सूचना दोस्रो पटक प्रकाशित मितिले १५औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. खरिद गरेको दरभाउपत्र भरी खाममा सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठेक्का नम्बर, सिलबन्दी दरभाउपत्रदाताको फर्मको नाम, ठेगाना र फोन नं. खुलाई यस कार्यक्रमलाई सम्बोधन गरी यो सूचना दोस्रो पटक प्रकाशित मितिले १६ औं दिनको २:०० बजेसम्म यस कार्यक्रममा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिन अपरान्ह ४:०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा यस कार्यक्रममा खोलिनेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ खोल्न बाधा पर्ने छैन ।
३. दरभाउपत्र दस्तुर रु.१०००/को.ले.नि.का., ललितपुरको राजश्व खाता नं. १८०१०००००००००१४००० राजश्व शिर्षक नं. १४२२७ र यस कार्यक्रमको कार्यालय कोड नं.२८–३१२–०४ मा जम्मा गरेको भौचरको सक्कल प्रति निवेदन साथ पेश गरी वा कार्यालयमा नगदै बुझाई यस कार्यक्रमबाट दरभाउपत्र सम्बन्धी कागजात प्राप्त गर्न सकिने छ ।
४. सिलबन्दी दरभाउपत्रको मान्य अवधि कम्तिमा ४५ दिनको हुनेछ । सिलबन्दी दरभाउपत्रको जमानत (बिड बण्ड) बापतको रकम को.ले.नि.का., ललितपुरको नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुर स्थित धरौटी खाता नं. ०१८०२००००००००३००००५१ (ख३) कार्यालय कोड नं. २८–३१२–०४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यक्रमको नाममा मान्यता प्राप्त (क वर्गका) वाणीज्य बैंकहरुबाट जारी भएको ७५ दिनसम्म मान्य अबधि भएको विड बण्ड जमानत संलग्न राखी पेश गर्नु पर्नेछ ।
५. सिलबन्दी दरभाउपत्र शर्त रहित हुनु पर्ने छ । दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । साथै दरभाउपत्रको प्रत्येक पानामा अधिकार प्राप्त अधिकारीको सहि छाप अनिवार्य रुपले गरेको हुनु पर्नेछ ।
६. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त दिनको भोलिपल्ट खरिद गर्न र दर्ता गर्न सकिने छ ।
७. सिलबन्दी दरभाउपत्रदाताले आफ्नो कबोल रकम आईटम दररेटमा (VAT बाहेकको) उल्लेख गर्नु पर्नेछ ।
८. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यक्रममा सुरक्षित रहनेछ ।
९. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
१०. सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यक्रममा सम्पर्क राख्न सकिनेछ ।
११. सिलबन्दी दरभाउपत्रदाताहरुले ग्राहयता प्रमाणीत गर्ने सम्बन्धीत कागजातहरु दरभाउपत्रमा लेखिए अनुसारका सिलबन्दी दरभाउपत्र साथै पेश गर्नु पर्ने छ । सो कागजातहरु पेश नगर्ने दरभाउदाताहरुको दरभाउपत्रलाई मूल्यांकन कार्यमा समाबेश गरिने छैन ।

| ठेक्का नम्बर | कार्य विवरण | ल.ई रकम (मु.अ.क. र कन्टिजेन्सी बाहेक) | दरभाउपत्र जमानत रकम (रु.) | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|
| ०१/०७४/०७५ | फर्निचर र फर्निसिङ्ग | १०,६४,५६८।– | ३१,०००।– | १०००।०० |

पुनश्च : प्रथम पटक प्रकाशित सूचना अनुसार तयार पारिएको दरभाउपत्र फारमको प्राविधिक स्फेसिफिकेशनमा केही त्रुटि हुन गएकोमा उक्त सूचना रद्ध गरि दोस्रो पटक १५ दिने यो सूचना प्रकाशित गरिएको हो । प्रथम पटकको सूचना अनुसार दरभाउपत्र खरिद गरिसकेका फर्म/कम्पनीहरुलाई संशोधित दरभाउपत्र नि:शुल्क उपलब्ध गराईनेछ । साथै पहिला दर्ता भैसकेको दरभाउपत्र स्वत: खारेजी हुने हुँदा पुन: निवेदन दिएर संसोधित दरभाउपत्र प्राप्त गरि सिलबन्दी दरभाउपत्र पेश गर्नहुन समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।